नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११] काठमाडौं, वैशाख ३० गते २०१८ साल [अतिरिक्ताङ्क ३

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय प्रवन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको नियमहरू सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ -

लोकसेवा आयोग कारवाइ वन्देज नियमहरूलाई संशोधन गर्न वनेका नियमहरू,

लोकसेवा आयोग कारवाइ वन्देज नियमहरू, २०१७ (यसपछि मूल नियम भनिएको) लाई संशोधन गर्नु वांछनीय भएकोले,

नेपाल अधिराज्यको संविधानको धारा ६० को उपधारा (३) अनुसार श्री ५ महाराजाधिराजबाट यी नियमहरू बनाई जारी गरिबक्सेकोछ।

१. संक्षिप्त नाम, र प्रारम्भः- (१) यी नियमहरूको नाम लोकसेवा आयोग कारवाइ वन्देज (दोस्रो संशोधन) नियमहरू, २०१८ रहेकोछ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. मूल नियम २ मा संशोधनः– मूल नियम २ को उपनियम (१) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा निम्नलिखित प्रतिवन्धात्मक वाक्यांश राखिएकोछः–

तर यो उपनियम २०१८ साल जेष्ठ मसान्त पछि लागू हुनेछैन ।

स्वीकृति मिति : २०१८।१।३०।६ मा

आज्ञाले–
उदयप्रसाद उपाध्याय
श्री ५ को सरकारको सह सचिव
कानून, न्याय तथा संसदीय प्रवन्धमन्त्रालय,

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार